२०८३ सालको ऐन नं. ....

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पकडी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

सभाबाट पारित मिति : २०८३/०१/३०
प्रमाणीकरण मिति :- २०८३/०१/३०

# मायादेवी गाउँपालिका को स्वास्थ्य सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८३

## मायादेवी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पकडी, कपिलवस्तु
## २०८३

वलिउद्दीन मुसलमान
गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

## मायादेवी गाउँपालिकाको स्वास्थ्य सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८३

प्रस्तावनाः नेपालको संविधानको धारा ५७ को उपधारा (४) मा उल्लेखित अधिकारको प्रयोजन गर्दै स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सबै नागरिकको पहुँच कायम गर्न आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा मायादेवी गाउँपालिकामा स्थापना भएका र भविष्यमा स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायमा व्यापक सुधार गर्दै समयानुकूल र उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास र विस्तार गर्न, गराउन तथा गाउँपालिकाले गर्नुपर्ने संविधानको वृस्तृतीकरणमा उल्लेख भएका कार्य सम्पादनको लागि स्पष्ट कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान को धारा २२६ अनुसार मायादेवी गाउँपालिकाको गाउँ सभावाट स्वास्थ्य ऐन, २०८३ पारित गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (क) यस ऐनको नाम मायादेवी गाउँपालिकाको स्वास्थ्य सम्बन्धी व्यवस्था गर्न बनेको ऐन, २०८३ रहेको छ ।

(ख) यो ऐन गाउँसभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मायादेवी गाउँपालिकाको स्वास्थ्य ऐन, २०८३लाई सम्झनु पर्छ ।

(ख ) "गाउँपालिका " भन्नाले मायादेवी गाउँपालिका लाई सम्झनु पर्छ ।

(ग) "गाउँसभा" भन्नाले मायादेवी गाउँपालिकाको गाउँसभालाई बुझ्नुपर्छ ।

(घ) "कार्यपालिका" भन्नाले मायादेवी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "गाउँपालिका अध्यक्ष" भन्नाले मायादेवी गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) "गाउँपालिका उपाध्यक्ष" भन्नाले मायादेवी गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नालेमायादेवी गाउँपालिकाको प्रमुखलाई प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले मायादेवी गाउँपालिका भित्र पर्ने सम्बन्धित वडाका वडा अध्यक्ष सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले मायादेवी गाउँपालिका भित्र पर्ने प्रत्येक वडाहरुको सम्बन्धित वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाइ सम्झनुपर्छ ।

(ञ) "स्वास्थ्य शाखा" भन्नाले मायादेवी गाउँपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनकोलागी तोकिएको शाखा सम्झनुपर्छ ।

(ट) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, आधारभुत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र, क्लिनिक, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा केन्द्रहरु लगायत अन्य स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ ।

(ठ). "स्वास्थ्य सेवा" भन्नाले आधुनिक चिकित्सा (एलोप्याथी), आयुर्वेद, होमीयोप्याथिक, यूनानी, प्राक्तिक चिकित्सा, योग, फिजियोथेरापी, अकुपन्चर, आम्ची, चिकित्सा पद्धतिमा आधारित भई प्रदान गरिने प्रतिकारात्मक, प्रवर्द्धनात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक (पालिएटिभ) सेवा सम्झनु पर्छ ।

[प्रमुख प्रशासकीय अधिकृत]

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(ड) "आकस्मिक स्वास्थ्य सेवा" भन्नाले आकस्मिक घटना वा आपतकालीन अवस्था परी जीवन जोखिमयुक्त अवस्थामा रहेका व्यक्तिहरुको जीवनलाई जोखिममुक्त गर्न, जीवन वा अङ्ग गुम्नबाट बचाउन आवश्यकता अनुसार दिनुपर्ने प्रारम्भिक तथा तत्काल प्रदान गरिने सेवा सम्झनु पर्छ ।

(ढ) "आधारभुत स्वास्थ्य सेवा" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागी राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

(न) "आकस्मिक चक्र कोष" भन्नाले दफा ७ को उपदफा (२) तथा दफा २९ अनुसार प्रसुति केन्द्रमा स्थापित चक्रकोषलाई सम्झनु पर्छ ।

(प) "सामुदायिक वा गैरसरकारी स्वास्थ्य संस्था" भन्नाले सामुदायिक स्वामित्वमा, ट्रष्ट, लोककल्याणकारी संस्थाहरु तथा गैरनाफामुलक गैरसरकारी लगानि तथा स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य सेवा प्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(फ) "निजी" भन्नाले निजि क्षेत्रबाट संचालित स्वास्थ्य सेवाप्रदायक संस्थालाई सम्झनु पर्दछ ।

(व) "स्वास्थ्य सेवा व्यवसाय" भन्नाले स्वास्थ्य उपचारको लागी चाहिने सबै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्ने उद्योग, ओसार पसार तथा भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यवसायलाई बुझ्नुपर्छ ।

(भ) "स्वास्थ्य व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ८ अनुसार गाउँपालिकामा गठित स्वास्थ्य व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

(म) "सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले ऐनको दफा ११ अन्तर्गत बनेका स्वास्थ्य संस्थाहरुको सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

## आधारभूत स्वास्थ्य सेवा, सेवा प्रदायक र स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी व्यवस्था

३. आधारभूत स्वास्थ्य सेवा (१) गाउँपालिकाले प्रत्येक नागरिकलाई आधारभुत स्वास्थ्य सेवाहरु सहज र सर्वसुलभ रुपमा निःशुल्क प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभुत स्वास्थ्य सेवाहरुमा गाउँपालिकाले आन्तरिक स्रोत परिचालन गरी थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नेपाल सरकारले तोकेका आधारभूत स्वास्थ्य सेवाहरुको विस्तृत विवरण, सेवा प्रवाह तथा व्यवस्थापन सम्बन्धि अन्य व्यवस्था तथा प्रक्रिया प्रचलित कानून बमोजिम हुनेछ ।

(४) गाउँपालिका भित्र आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा प्रवाह गर्न गराउन तोकिए अनुसारका संगठनात्मक संरचनाहरु रहनेछन् ।

(५) कुनै पनि नागरिकलाई धर्म, वर्ण, लिङ्ग, जात, भौगोलिक अवस्था आदि कारणले उपदफा (१) मा उल्लेखित स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

४ आधारभूत स्वास्थ्य सेवा प्रदायकहरुः (१) स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन् ।

(क) सरकारीः सरकारी स्वामित्वमा गाउँपालिका भित्र संचालन भएका आधारभूत अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, आयुर्वेद औषधालय तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउँघर क्लिनिक, खोप क्लिनिक, आयुर्वेद केन्द्रहरु लगायतका सरकारी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(ख) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, निदान केन्द्र, फार्मेसी लगायतका निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः सामुदायिक स्वामित्वमा रहेका र ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत संचालन भएका अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक लगायतका स्वास्थ्य सेवा प्रदायक निकायहरु हुनेछन् ।

५.आकस्मिक उपचार सेवा: (१) गाउँपालिका भित्र तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा तथा आपत्कालीन उद्धार र स्वास्थ्य सेवा सर्वसुलभ रुपमा प्रदान गर्न गराउनको लागि संघीय सरकार र प्रदेश सरकारसंग समन्वय गरिनेछ ।

६.विशेषज्ञ स्वास्थ्य सेवा (१) भौगोलिक अवस्था, रोगको प्रकोप र सेवाको प्रकृतिका आधारमा गाउँपालिकाले विशेषज्ञ स्वास्थ्य सेवा, घुम्ती स्वास्थ्य सेवा तथा शिविरको व्यवस्थापन गर्नेछ ।

(२) कुनै पनि गैर सरकारी तथा सामाजिक संघ संस्थाले विशेषज्ञ स्वास्थ्य शिविर र सेवा संचालन गर्दा गाउँपालिका सँग समन्वय गरेर स्वीकृती लिई संचालन गर्नुपर्ने छ ।

७.प्रेषण सेवा : (१) आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण, विशेषज्ञ सेवा नभएको वा अन्य कुनै उपयुक्त कारणले उपचार प्रदान गर्न नसकिने अवस्था भएमा गाउँपालिका भित्रका प्रत्येक स्वास्थ्य संस्थाले उपचारको लागि आएका बिरामीलाइ आफ्नो स्वास्थ्य संस्थामा उपलब्ध हुने उपचार तत्काल गराई थप उपचारको लागि तुरुन्त उपचार प्रदान गर्न सक्ने स्वास्थ्य संस्थामा प्रेषण गरि समन्वय गर्नुपर्नेछ ।

(२) अति विपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह वा स्थानीय तहले तोके बमोजिमका समुहहरुबाट विशेषतः गर्भवती तथा सुत्केरी महिला, नवजात शिशुको जीवन रक्षाको लागि प्रसूति सेवामा खटिएका तोकिएका कर्मचारीहरुबाट सम्बन्धित स्वास्थ्य संस्थामा स्थापित "आकष्मिक चक कोष" को परिचालन गरी प्रेषण सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रेषण व्यवस्था प्रचलित नियम अनुसार हुनेछ ।

## परिच्छेद ३
## समिती सम्बन्धी व्यवस्था

८. गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिः (१) गाउँपालिकाको स्वास्थ्य क्षेत्रको नीति, रणनीतिहरु निर्माण तथा कार्यन्वयन गर्ने र गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी, नीजि, सामुदायिक, ट्रष्ट वा लोककल्याणकारी स्वास्थ्य संस्थाहरुको रेखदेख समन्वय, अनुगमन, नियमन र व्यवस्थापन गर्न देहाय बमोजिमको गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको गठन हुनेछ ।

(क) गाउँपालिका अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष

(ग) सामाजिक विकास समिति संयोजक सदस्य

(घ) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(ङ) महिला सामुदायिक स्वयंसेविका सञ्जालको संयोजक सदस्य

(च) गाउँपालिका रहेको वडाको अध्यक्ष सदस्य

(छ) कार्यपालिका सदस्यहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना सदस्य

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

(ज) स्वास्थ्य क्षेत्रका विज्ञ वा स्वास्थ्य संस्था प्रमुख मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना सदस्य

(झ) स्वास्थ्य क्षेत्रमा कार्यरत गैह्र सरकारी संघ संस्था तथा निजि क्षेत्रको प्रतिनिधीत्व हुने गरी कार्यपालिकाले तोकेको १ जना सदस्य

(ञ) गाउँपालिका स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

**९. गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(१) गाउँपालिका स्वास्थ्य
व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) गाउँपालिका को क्षेत्राधिकार भित्रको स्वास्थ्य सेवा तथा सरसफाईको तथ्याङ्कहरु विश्लेषण गरि गाउँपालिकाको आवश्यकतामा आधारित भएर स्वास्थ्य तथा सरसफाइसम्बन्धि बार्षिक तथा आवधिक योजनाहरु तयार गर्ने।

(ख) गाउँपालिका भित्रको स्वास्थ्य सेवा विकास, विस्तार र गुणस्तर सुनिश्चितताको योजना तयार गर्ने,

(ग) गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवसायहरु संचालनका लागि अनुमति, स्वीकृति, स्वास्थ्य संस्था स्थानान्तरण, समायोजन सम्बन्धी कार्यमा गाउँकार्यपालिकालाई आवश्यक सिफारिस राय प्रदान गर्ने।

(घ) स्वास्थ्य संस्था र स्वास्थ्य सेवा व्यवस्थापनका लागि आवश्यक जनशक्ति लगायत अन्य श्रोत साधनजुटाउने र प्रभावकारी परिचालन गर्ने गराउने।

(ङ) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यवसायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

(च) गाउँपालिकाबाट स्थापना भएका स्वास्थ्य संस्थाहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु सम्बन्धमा कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने,

(छ) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यबसाय र व्यवस्थापन समितिहरुलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(ज) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरूको अनुगमन, सुपरीवेक्षण तथा मुल्यांकनको लागि आवश्यक व्यवस्था मिलाउने।

(झ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायसँग आवद्ध कर्मचारीहरूलाई कार्य सम्पादन सम्झौता अनुकुल हुने गरि सहयोगात्मक सुपरिवेक्षण गर्ने।

(ञ) स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्ने गराउने वा आवश्यक परेमा गुणस्तर सुनिश्चितताको लागि विभिन्न उपसमिति, समुह तथा टोलि गठन गरी काम, कर्तव्य र जिम्मेवारी तोक्ने।

(ट) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारणका लागि कार्यपालिका समक्ष सिफारीस गर्ने।

(ठ) गाउँपालिका को स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्ने, गुनासा, उजुरी, सुन्ने, तथा यथोचित सम्बोधन गर्ने गराउने, नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरिक्षण, राज्यवाट निशुल्कः उपलब्ध हुने औषधिहरुको नामावली, व्यवस्थापन समितिका सदस्यहरु तथा महिला स्वास्थ्य स्वयंसेविकाहरुको फोटो सहितको नामावली, सुझाव पेटिका, आकस्मिक चक्र कोप तथा प्रेषण व्यवस्थापन सम्बन्धी जानाकारी मुलक बोर्ड आदि जस्ता सुशासनका औजारहरुलाई अध्यावधिक गर्ने तथा सर्वसाधारणले देख्नेगरी टाँस गर्ने प्रबन्ध मिलाउने।

(ड) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने।

(ढ) गाउँकार्यपालिकालाई स्वास्थ्य क्षेत्रको विकास र विस्तारमा आवश्यकता अनुसार राय सुझाव र सल्लाह दिने।

प्रमुख प्रशासकीय अधिकृत

नलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(ण) गाउँपालिकाको स्वास्थ्य कार्यक्रमहरुको लक्ष्य तथा उपलब्धिबारे समिक्षा गर्ने, सुझाव दिने तथा आवश्यक लिखित पृष्ठपोषण सहित योजना तर्जुमा गर्न सहयोग गर्ने ।

(त) स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्ति, औजार उपकरण, औषधि तथा औषधिजन्य सामाग्रीको उचित उपयोग, संरक्षण र व्यवस्थापन गर्ने गराउने ।

(थ) गाउँपालिकामा स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्यरत स्थानीय निजि तथा गैह सरकारी संघ संस्थाहरुसंग समन्वय तथा आवश्यक परामर्श गर्ने ।

(२) गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धि व्यवस्था तोके बमोजिम हुनेछ ।

**१०. गाउँपालिका स्वास्थ्य अनुगमन समितिः** (१) गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न

गाउँपालिका स्वास्थ्य व्यवस्थापन समितिको मातहतमा रहने गरी गाउँ कार्यपालिकाले स्वास्थ्य अनुगमन उप-समिती गठन गर्न सक्नेछ । उक्त स्वास्थ्य अनुगमन उप-समितिको काम, कर्तव्य र अधिकार गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**११. स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः १)** तोकिएको मापदण्डमा

गाउँपालिकाले अस्पताल स्थापना गरी सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न

गाउँपालिकाले आवश्यक कानूनी व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापित अस्पताल संचालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम रहने ।

गरि अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष संरक्षक

(ख) गाउँपालिका भित्र बसोबास गर्ने कम्तिमा स्नातक तह उत्तीर्ण, सामाजिक क्षेत्रको अनुभवी, मध्येबाट कार्यपालिकाले मनोनित गरेको व्यक्ति-अध्यक्ष

(ग) सामाजिक विकास समितिको संयोजक सदस्य

(घ) सम्वन्धीत अस्पताल रहेको वडाको अध्यक्ष सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृत सदस्य

(च) गाउँपालिका स्वास्थ्य शाखाको प्रमुख सदस्य

(छ) गाउँकार्यपालिकाबाट मनोनित महिला सदस्य एक जना सदस्य

(ज) गाउँपालिका तहको अस्पतालको नर्सिङ ईन्चार्ज एक जना सदस्य

(झ) स्थानीय उद्योग व्यापार संधको अध्यक्ष वा प्रतिनिधि-सदस्य

(ञ) गाउँपालिका तहको अस्पतालको प्रमुख सदस्य सचिव

(ट) गाउँपालिका अस्पताल व्यवस्थापन समितिले आगन्त्रीत सदस्यको रुपमा स्थानिय सुरक्षा प्रमुख, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र विषयगत विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(४) प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य केन्द्र र आयुर्वेद औषधालय सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक स्वास्थ्य संस्थाको छुट्टाछुट्टै संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ।

(क) गाउँपालिका अध्यक्ष संरक्षक

(ख) गाउँपालिका भित्र पर्ने सम्बन्धित स्वास्थ्य संस्था अवस्थित वडाको अध्यक्ष अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्यहरुमध्येबाट एकजना उपाध्यक्ष

(घ) सम्बन्धित स्वास्थ्य संस्था रहेको क्षेत्रको सामुदायिक विद्यालयका महिला प्रमुख प्राचार्य वा अध्यापनमा संलग्न मध्येबाट एक जना महिला सदस्य

(ङ)स्थानीय व्यापार संघको प्रतिनिधि एकजना सदस्य

(च) समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना सदस्य

(छ) सम्बन्धित स्वास्थ्य संस्था रहेको वडा कार्यालयका सचिव सदस्य

(ज) सम्बन्धित स्वास्थ्य संस्थाको प्रमुख सदस्य सचिव

(५) समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, गाउँपालिका वा वडाका सचिव र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले उपदफा (३) बमोजिम मनोनित हुने समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ ।

(६) उपदफा (४) बमोजिम गठन हुने समितिमा पुरुष अध्यक्ष रहेको अवस्था भएमा महिला उपाध्यक्ष र महिला अध्यक्ष भएको हकमा पुरुष उपाध्यक्षको व्यवस्था गर्नुपर्नेछ । समितिमा प्रतिनिधित्व हुने स्वास्थ्य संस्था रहेको क्षेत्रका विद्यालयका प्रमुख प्राचार्य मध्ये एक जना महिला मनोनित हुने प्रावधान अनुसार महिला प्रमुख प्राचार्य नभएको अवस्थामा व्यवस्थापन समितिले स्वास्थ्य क्षेत्रमा योगदान दिनसक्ने महिला शिक्षिकाहरु मध्येबाट एकजना मनोनित गर्न सक्नेछ ।

(७) व्यवस्थापन समितिको बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,
क. दलित, जनजाति, मधेशी, मुस्लिम बाट १ जना
ख अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट १ जना
ग किशोरकिशोरीहरुको तर्फबाट १ जना

(८) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैर सरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा संलग्न गराउन सकिनेछ ।

(९) गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाहमा दोहोरोपन नहुने व्यवस्था सुनिश्चत गर्नका लागि पहिले गठित स्वास्थ्यसँग सम्बन्धित अन्य समितिहरुको विघटन गरी ती समितिहरुले गरी आएको कार्यहरु पनि यसै ऐनमा व्यवस्था भए अनुसार गठीत समितिले गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(१०) उपदफा (४) र (५) बमोजिम गठन भएको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवाप्रवाह र न्यूनतम सेवा मापदण्डकार्यान्वियनको सुनिश्चितता गराउने ।

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (क) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२। कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्रभित्र कार्यान्वियनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने (अनुसूचि २।।

(घ) स्वास्थ्यको बृहत् सामाजिक सास्कृतिक र आर्थिक निर्धारक तत्वहरुको कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने।

(ङ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने।

(च) सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुंच र उपलब्धता सुनिश्चित गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायकर स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित वातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने।

(छ) स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र स्वास्थ्य सेवा उपभोगको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने।

(ज) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय वित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, वहस, पैरवी गर्ने।

(झ) स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने। रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने।

(ञ) स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने।

(ट) स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढीकरण गर्न सहयोग तथा सहजीकरण गर्ने

(ठ) विद्युतीय स्वास्थ्यको अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने। सोको कार्यान्वयनका लागि गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति र स्वास्थ्य शाखा संग आवश्यक समन्वय गर्ने।

(ड) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने।

(ढ) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(११) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ।

(१२) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरीबहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ।

(१३) कुनै पनि व्यक्ति दुईकार्यकाल भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन। तर पदेनको हकमा यो लागु हुनेछैन।

१२. बैंक खाता सञ्चालनः (१) गाउँपालिका मातहतमा रहेका स्वास्थ्य संस्थाहरुले गाउँपालिकाको लेखा प्रणालीमा सामञ्जस्यता हुने गरि छुट्टै बैंक खातासञ्चालन गर्न सक्नेछन्।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम रहेको बैंक खाता व्यवस्थापन समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(३) उपदफा (१) बमोजिम सञ्चालन हुने बैंक खाताको लेखा व्यवस्थापन गाउँपालिकाले तोकेबमोजिम गर्नुपर्नेछ।

(४) स्वास्थ्य संस्थाको व्यवस्थापन तथा सञ्चालनका लागि आवश्यक पर्ने रकम गाउँपालिकाले सोझै निकासा दिन सक्नेछ र सों को लेखापरिक्षण गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्थाको हुनेछ।

**१३. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन** (१) व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी गाउँपालिकाको स्वास्थ्य व्यवस्थापन समितिले मुनासिव कारण र तथ्य सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ। तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मुनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभएसम्म वा अन्य कुनै कारणले समिति गठन नभएसम्म सो स्वास्थ्य संस्थाको संञ्चालन तथा व्यवस्थापन कार्यपालिकाले तोके बमोजिम हुनेछ।

## परिच्छेद ४
## स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वंयम सेवा सम्बन्धी व्यवस्था

**१४.स्वास्थ्य शाखा कर्मचारीहरुको व्यवस्था** (१) गाउँपालिकामा एउटा स्वास्थ्य शाखा रहनेछ। स्वास्थ्य शाखा कर्मचारीहरुको संगठन संरचना, दरबन्दी तेरिज र कार्यविवरण प्रचलित नियम बमोजिम हुनेछ।

**१५.कर्मचारी व्यवस्थापनः** (१) गाउँपालिका भित्र रहेका सरकारी स्वास्थ्य संस्था मार्फत् आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहने छन् :

(क) स्थायीः गाउँपालिकाको सेवामा रहेका, नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका, प्रदेश लोकसेवा मार्फत सिफारीस भई आएका स्वास्थ्यकर्मीहरु,
(ख) करारः स्थानीय माग र विशिष्टताका आधारमा गाउँपालिका , संघ तथा प्रदेश मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु
(ग) अभ्यासकर्ता गाउँपालिका लाई आवश्यक भएको अवस्थामा स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं गाउँपालिका को आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा आर्जन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्य कर्मीको रुपमा बढीमा १ वर्षको लागि नियुक्त गर्नसक्ने छ।
(घ) स्वास्थ्य अभियानकर्ता र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु

(३) गाउँपालिका अन्तर्गतका संस्थाहरुमा ओ.जे.टी.गर्न तथा स्वेच्छिक रुपमा कार्य गर्न आउने व्यक्तिहरुले गाउँपालिका को स्वास्थ्य शाखाबाट स्विकृती लिई सम्बन्धित संस्थामा सेवा प्रवाह गर्न सक्नेछन्।

(४) स्वास्थ्य संस्थामा हाल कार्यरत कर्मचारीहरुको व्यवस्थापन प्रचलित कानुन बमोजिम हुनेछ।

**१६. स्वास्थ्य अभियानकर्ता तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको व्यवस्थाः** (१) स्वास्थ्य सेवालाई घरघरको पहुंचुमा पुऱ्याउन र जनचेतना फैलाउन स्वास्थ्य आमा समुहले तोकेको योग्यता पुगेका सदस्यहरुबाट सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका छनौट गर्नेछ। यसरीछनौट भएर आएका महिलासामुदायिकस्वास्थ्य स्वयंसेविकाहरुलाई स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिले मान्यता प्रदान गर्नेछ।

(२) विशिष्टिकृत अवस्थामा गाउँपालिकाले तोकेको प्रक्रिया पुरा गरि सिफारिसमा स्वास्थ्य अभियानकर्ता नियुक्ती गरि परिचालन गर्न सकिनेछ। स्वास्थ्य व्यवस्थापन समितिको निर्णानुसार हुनेछ।

(३) स्वास्थ्य अभियानकर्ता तथा महिला स्वास्थ्य स्वयं सेविका सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

**१७. स्वास्थ्यकर्मीको सेवा सुविधाः** (१) स्थायी स्वास्थ्यकर्मीहरुको सेवा सुविधा संघ तथा प्रदेश सरकारले तोके बमोजिम हुनेछ । आवश्यकता र क्षमताका आधारमा कार्यपालिकाले अन्य सेवा सुविधा थप गर्न सक्नेछ ।

(२) करार स्वास्थ्यकर्मीको सेवा सुविधा सम्बन्धीत दरबन्दिको प्रचलित तलब स्केल वा दुई पक्षबीचको आपसी समझदारीमा भएको करार सम्झौता बमोजिम हुनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मीको हकमा निर्वाह भत्ताको रुपमा सम्बन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलब स्केलको दुई तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

४) सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारबाट तोकिए बमोजिम वार्षिक रुपमा पोशाक भत्ता, सञ्चार तथायातायात खर्च, काममा खटाइएमा सो दिनको पारिश्रमिक लगायतका सुविधाहरु उपलब्ध गराईनेछ, साथै गाउँसभाबाट निर्णय गराई अन्य थप सुविधा समेत प्रदान गर्न सकिनेछ ।

(५) स्वास्थ्यकर्मीको बिदा र सेवा सुविधा सम्बन्धीअन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

**१८. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण, नियुक्ति, बढुवा र सरुवाः** (१) सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ । आवश्यकताको आधारमा गाउँपालिकाले थप गर्न सक्नेछ ।

(२) नेपाल सरकारले निर्धारण गरेको दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । समायोजन भई नआएमा वा थप कमचारीको आवश्यकता परेमा गाउँपालिकाले करारमा स्वास्थ्यकर्मी, कर्मचारी नियुक्ति गर्न सक्नेछ ।

(३) स्वास्थ्य संस्थामा रिक्त दरवन्दि पदपुर्तिका लागि स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) गाउँपालिका भित्र सरुवाका लागी निवेदन दिने स्थायी स्वास्थ्यकर्मी तथा कर्मचारीको सरुवा तथा पदस्थापन सरुवा भएर जाँदा र आउदा सेवग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी आवश्यकता र औचित्यको आधारमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सरुवा गर्दा दरवन्दी अनुसारका पदहरुमा कार्यरत स्थायी कर्मचारीहरुको हकमा सोही दरवन्दी भएको ठाउँमा मात्र गर्न पाईने छ ।

(६) संघ तथा प्रदेश लोक सेवा आयोगबाट सफल भई सिफारिस भएका स्वास्थ्यकर्मी तथा कर्मचारी लाई प्रमुख प्रशासकीय अधिकृतले दरवन्दी अनुकुल हुनेगरी पदस्थापन गर्नुपर्नेछ ।

(७)स्वास्थ्यकर्मीको सरुवा, बढुवा, काज, राजिनामा, अवकास सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ।

**१९. कार्यसम्पादन मुल्यांकडून गर्नुपर्नेः** स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन सेवा प्रवाह चुस्त दुरुस्त गर्न देहाय अनुसार कार्यसम्पादन मुल्यांकडून गर्नुपर्नेछ ।

(क) संघिय निजामति सेवा ऐन नियममा भएको व्यवस्था र प्रकृया पूरा गरी स्वास्थ्य तर्फका कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्याङ्कन गरिनेछ ।

(ख) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ स्वास्थ्य अनुगमन उप-समितिले तयार पारी गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(ग) स्वास्थ्य क्षेत्रका प्राविधिक कर्मचारीहरुलाई सोहि क्षेत्र बाहेकका अन्य काममा लगाईने छैन ।

(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश र गाउँपालिकाले बनाएको स्वास्थ्य सम्बन्धि ऐन नियममा अन्यथा भए बाहेक गाउँपालिकाले गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई समान पदमा काजमा खटाउन तथा सरुवा गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(ङ) कार्य सम्पादन मुल्यांकनका सूचकहरु तोकिए बमोजिम हुनेछ।

२०. बिबिधः स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको वृति विकास, आचरण अवकाश, सजाय तथा कारवाहीको व्यवस्था संघिय निजामति ऐन तथा संघिय स्वास्थ्य सेवा ऐनमा भए बमोजिम हुनेछ, साथै कुनै पनि स्वास्थ्यकर्मी तथा कर्मचारीहरुले कुनै पनि देशको स्थाई आवासीय अनुमति लिन पाउने छैनन्।

## परिच्छेद ५
## स्वास्थ्य संस्था स्थापना तथा संचालन सम्वन्धी व्यवस्था

२१. स्वास्थ्य संस्था खोल्न अनुमति लिनुपर्नेः (१) कुनै व्यक्ति, समुह वासंघ संस्थाले निजी, सामुदायिक वा लोककल्याणकारी स्वास्थ्य संस्था स्थापना तथा संचालन गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिकालागी निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिका ले अनुगमन उप-समिति मार्फत आवश्यक स्थलगत अनुगंमन तथा जाँचवुझ गरी राय सहितको प्रतिवेदन गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ। सोहि प्रतिवेदनका आधारमा गाउँपालिका को स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन का लागि अनुमति दिन मुनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी कार्यपालिकाले निर्णय गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई स्थापना गरिएको स्वास्थ्य संस्थाले तोकिएकासर्त बन्देज पालन गरेको देखिएमा सेवा संचालनका लागि गाउँपालिकाको स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृति प्रदान गर्नेछ।

(४) गाउँपालिकाको स्वामित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय सरकारी वा सार्वजनिक जग्गा भवनमा संञ्चालन गर्ने अनुमति दिइने छैन।

(५) सामुदायिक वा सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय सञ्चालन गर्दा देहाय बमोजिम हुनु पर्नेछ :

(क) गुठी सञ्चालन गर्ने गुठी सञ्चालक सङ्गठित संस्थाको रूपमा दर्ता भएको हुनु पर्ने

(ख) गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए दृष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकवाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन। त्यस्तो उत्तराधिकारी तोक्दा गाउँपालिकाको पुर्व स्वीकृति लिनु पर्ने,

(६) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृति लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय सञ्चालन गर्नसक्नेछ।

(७) उपदफा (६) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसायले पालना गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) प्रचलित कानून बमोजिम अनुमती स्विकृती प्राप्त गरी गाउँपालिका भित्र संञ्चालनमा रहेका क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यबसाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ। त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले ३ (तीन) महिना भित्र दर्ता नियमित गर्न/गराउन तोकिएको ढाँचामा संम्पूर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ।

(९) स्वास्थ्य संस्था र स्वास्थ्य व्यवसाय दर्ता तथा सञ्चालन प्रचलित कानून तथा तोकिए बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत

वलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(१०) उपदफा (२) र (३) बमोजिम खोलिएका कुनै पनि निजि, सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसाय बाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा गाउँपालिका ले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसायलाई प्रदान गरेको अनुमति वा स्वीकृति गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिको सिफारिसमा रद्ध गर्न सक्नेछ । त्यसरी अनुमति वा स्वीकृति रद्ध गर्नु अघि सफाई पेशगर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे सम्बन्धित निकायमा उजुरी दिन सकिने छ ।

## परिच्छेद ६
## स्वास्थ्य संस्था स्थापना र सञ्चालन मापदण्ड सम्बन्धी व्यवस्था

२२. **अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्डः** (१) गाउँपालिकले तोकिएको मापदण्ड पुरा गरि १५ (पन्ध्र) शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य संस्था रहनेगरी र जनसंख्याको अनुपातमा थप गर्न आवश्यक रहेमा देहायका पूर्वाधार पूरा गरी स्वास्थ्य चौकी वा आधारभुत स्वास्थ्य केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएबमोजिम दरबन्दी अनुसारको जनशक्ति रहनेछ । आवश्यकता अनुसार गाउँपालिका को थप मापदण्ड र जनशक्ति थप गर्न सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणःआधारभूत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका उपकरणहरु ।

(३) आयुर्वेद तथा वैकल्पिक चिकित्सा केन्द्र गाउँपालिका क्षेत्र भित्र जडिबुटी, प्राक्तिक चिकित्सा, योगा, ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा दृष्टहरुसँको साझेदारीमा वा गाउँपालिका आफैले आयुर्वेद र प्राकृतिक चिकित्सा केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(क) जनशक्तिः नेपाल सरकारबाट तोकिएको दरवन्दी अनुसारको जनशक्ति हुनेछ । गाउँपालिकाले थप जनशक्ति तोक्ने सक्नेछ ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण तथा वितरण कक्ष, प्राथमिक उपचार कक्ष, पूर्वकर्म कक्ष जस्ता सुविधा सहितको भवन ।

(ग) उपकरणः आधारभूत आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्न आवश्यक तोकिए बमोजिमका उपकरणहरु ।

२३. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्नेः (१) गाउँपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा दृष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ (पन्ध्र) शैया सम्मको सञ्चालन अनुमति गाउँपालिकाले दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढाँचा र प्रकृया अनुसार निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य अनुगमन उप-समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्नेगरी आशय-पत्र प्रदान गर्न स्वास्थ्य सेवा व्यवस्थापन समिति मार्फत कार्यपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा कार्यपालिकाले दुई वर्षभित्र तोकिएको मापदण्ड पुरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशय पत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समय सिमा भित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड प्रा गरेको पाईएमा अस्पताल सञ्चालनको अनुमति प्रदान गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नलिजुद्दीन मुसलमान

(७) स्वास्थ्य अनुगमन उप-समितिले गाउँपालिका क्षेत्रमा संचालित सबै निजी स्वास्थ्य संस्थाहरुको नियमित रुपमा अनुगमन गर्नुपर्नेछ।

(८) स्वास्थ्य संस्था स्थापना र सञ्चालनका लागि आवश्यक पुर्वाधार, जनशक्ति, औजार तथा उपकरण र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२४. मापदण्ड पूरा नगरेमा सजाय हुनेः**

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिदा तोकिएको मापदण्ड पुरा नभएको तर झुठो विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा अनुगमन उप समितिले अनुगमन गरी सचेत गराउने, तोकिए बमोजिम जरिवाना गराउने तथा स्वीकृति खारेजीको लागि गाउँपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) स्वास्थ्य सेवा प्रदान गर्दा सम्बन्धीत स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको स्वास्थ्यकर्मीले मात्र सेवा प्रदान गर्नुपर्नेछ। अन्यथा प्रचलित कानून बमोजिम दण्ड जरिवाना देखि अनुमति खारेज गर्न सकिनेछ।

**२५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः** (१) सामुदायिक, निजी तथा दृष्ट वा लोककल्याणकारी संस्थाद्वारा सञ्चालितस्वास्थ्य संस्थाहरुले कुल सेवाग्रहिको कम्तीमा १० प्रतिशत गाउँपालिकाले तोके बमोजिका सेवाग्राहीहरुलाई निःशुल्क सेवा प्रदान गर्नुपर्नेछ।

(२) स्वास्थ्य संस्थाहरुले उपदफा (१) बमोजिम दिइएको सेवाको आधार सहितको विवरण गाउँपालिका मा पेश गर्नु पर्नेछ।

## परिच्छेद -७
## कोष, शुल्क तथा स्वास्थ्य संस्थाको सम्पत्ति सम्वन्धी व्यवस्था

**२६. आकस्मिक चक कोषको व्यबस्था**

(१) गाउँपालिकाले दफा ७ को उपदफा (२) बमोजिम प्रेषण सेवालाई व्यवस्थित गराउन प्रसूति केन्द्र भएका प्रत्येक स्वास्थ्य संस्थामा एउटा आकस्मिक चककोषको व्यवस्था गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने कोषमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका बाट प्राप्त अनुदान रकम,
(ख) गाउँ कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,
(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,
(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,
(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(३) उपदफा (१) बमोजिमको कोषको स्थापना, सञ्चालन तथा लेखापरीक्षणको लागि गाउँपालिकाले निर्देशिका बनाई लागु गर्नेछ।

**२७. शुल्क सम्वन्धी व्यवस्थाः** १) तोकिए बमोजिमको आधारभुत स्वास्थ्य सेवागाउँपालिका मातहतका कुनै पनि स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन।

(२) गाउँपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नुपर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नका लागी तोकिएको बाहेकका सेवा दिनं गाउँपालिका ले आफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनका लागी स्वास्थ्य व्यवस्थापन समितिको सिफारीसमा कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्क स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(४) सामुदायीक, निजी तथा लोक कल्याणकारी स्वास्थ्य संस्थाहरुले प्रदान गर्ने स्वास्थ्य सेवाको शुल्क सेवा र गुणस्तरको आधारमा स्वास्थ्य व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिकाले निर्धारण गरि स्थानीय राजपत्रमा प्रकाशन गरी लागु गर्न सक्नेछ ।

(५) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्नसक्नेछ ।

**२८. स्वास्थ्य संस्थाको सम्पत्तिः**

(१) गाउँपालिक को स्वामित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति गाउँपालिकाको सम्पत्ति हुनेछ । प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम गाउँपालिका को संञ्चित कोष खातामा जम्मा गरी गरिने छ, साथै उक्त प्राप्त रकम गाउँपालिकाको निर्णयबाट सोहि स्वास्थ्य संस्थाको खातामा राख्न सकिने छ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुको सम्पत्ति सम्बन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि साझेदारी कम्पनि स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासंग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँपालिका को पूर्व स्विकृति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न गाउँपालिका को सिफारीसमा संघीय सरकारबाट पुर्व स्विकृति लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृति बेगर र गाउँपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति गाउँपालिकाको स्वीकृति बेगर बेचबिखन तथा अन्यथा गर्न पाइने छैन ।

**२९. छुट र सुविधाः**

(१) सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य संस्थाको नाममा कुनै लिखत पारित गर्दा तोकिए बमोजिमको रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ८
## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्वन्धी व्यवस्था

**३०. वार्षिक खरिद योजना बनाउनु पर्नेः**

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिद तथा व्यवस्थापन गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद इकाईले तयार गर्नेछ। खरिद इकाईको गठन तथा काम कर्तव्य र जिम्मेवारी प्रचलित कानुन बमोजिम हुनेछ ।

**३१. औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदः**

(१) औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको खरिदका लागि गाउँपालिका स्वास्थ्यशाखाले प्रक्रिया अगाडी बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्यजन्य समाग्रीको खरिद कार्य प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दिन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

३२. औषधी तथा स्वास्थ्यजन्य सामाग्रीको भण्डारणः
(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको लागि तोकिएको मापदण्ड पुरा हुने गरि छुट्टै भण्डारण कक्षको व्यवस्था गर्नुपर्नेछ।

(२) सम्बन्धित स्वास्थ्य संस्थाले गाउँपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्बन्धी विस्तृत विवरण त्रैमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित गाउँपालिका स्वास्थ्य शाखामा बुझाउनु पर्नेछ।

## परिच्छेद ९
## स्वास्थ्य सेवाको गुणस्तर सम्बन्धी व्यवस्था

३३. स्वास्थ्य सेवाको गुणस्तर तोक्न सक्नेः
(१) गाउँपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्सकीय उत्पादन र स्वास्थ्य सेवाहरुको गुणस्तर निर्धारण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गुणस्तर निर्धारण गर्दा गाउँपालिकाको स्वास्थ्य व्यस्थापन समितिको कार्यविधि अनुसार हुनेछ। स्वास्थ्य सेवाको गुणस्तर न्युनतम सेवा मापदण्ढ र राष्ट्रिय चिकित्सा मापदण्ड अनुरुप हुने गरी निर्धारण गर्नुपर्नेछ।

(३) स्वास्थ्य व्यवस्थापन समितिले तोके बमोजिमको प्रकृया पुरा गरि नियमित रुपमा गाउँपालिका क्षेत्राधिकार भित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको गुणस्तर लेखाजोखा गर्नुपर्ने छ।

३४. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापनः
(१) गाउँपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ।

(२) आवश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु तय गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने छ।

## परिच्छेद १०
## आपतकालिन स्वास्थ्य सेवा प्रवाह, महामारी नियन्त्रण तथा संक्रामक रोग व्यवस्थापन सम्बन्धि व्यवस्था

३५. आपतकालिक स्वास्थ्य सेवा तथा व्यवस्थापनः
१) गाउँपालिका ले आपतकालिन स्वास्थ्य सेवा योजना, स्वास्थ्य क्षेत्र विपद तथा प्रतिकार्य योजना तयार गरि लागु गर्नेछ।

(२) आपतकालिन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्याउन गाउँपालिकाले द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समुह परिचालन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम द्रुत प्रतिकार्य टोलि तथा आपतकालिन चिकित्सकिय समूहको गठन, परिचालन तथा श्रोत व्यवस्थापन सम्वन्धि व्यवस्था गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(४) गाउँपालिकाले पालिका स्तरमा विपद व्यवस्थापन केन्द्र स्थापना तथा संचालन गर्न सक्नेछ यसरी विपद व्यवस्थापन केन्द्र संचालन गर्दा नजिकको स्थानीय तहसंग संयुक्त रुपमा संचालन गर्न सकिनेछ।

३६. महामारीजन्य तथा नसर्ने रोग रोकथाम र व्यवस्थापन :
(१) स्थानीय स्तरमा कुनै नागरिकलाई महामारीजन्य रोग लागेको प्रमाणित भएमा सो को जानकारी संक्रमित आफैं वा निजको सम्बन्धित व्यक्तिले २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयमसेविकालाई टिपोट गराउन पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेको थाहा हुन आएमा सो को जानकारी नजिकको महिला सामुदायिक स्वास्थ्य संस्था वा महिला स्वास्थ्य स्वंयसेविकालाई टिपोट गराउन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

वलिजई मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्बन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र गाउँपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गेराउनु पर्नेछ।

(४) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा गाउँपालिका ले सो को प्रभावक्षेत्र निक्यौल गरी विद्यालय वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध गर्न र सर्वसाधारण जनता वा कुनै व्यक्तिहरुको समूह उपर लागू हुने गरी आवश्यक आदेश जारी गर्न समेत सक्नेछ।

(५) स्थानीय स्तरमा उब्जेको वा फैलिएको वा फैलिने सम्भावना भएको कुनै संक्रामक रोग निर्मूल गर्न वा सो रोग रोकथाम गर्नको लागि आवश्यक व्यवस्था मिलाउन गाउँपालिका ले कुनै अधिकारीलाई मुकरर गरी आवश्यक अधिकार सुम्पन सक्नेछ।

(६) महामारीबाट थप क्षति हुन नदिन आवश्यक शतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार समक्ष अनुरोध गरी प्रभावकारी रुपमा परिचालन गर्नु पर्नेछ।

(७) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा प्रदेश सरकारले आदेश जारी गरिसकेको अवस्थामा यस दफा बमोजिम आदेश जारी गर्नु पर्ने छैन र त्यस्तो आदेश स्थानीय सरकारले समेत कार्यान्वयन गर्नेछ।

(८) माहामारी नियन्त्रण तथा रोकथामका लागि गाउँपालिका ले एउटा छुट्टै द्रुत प्रतिकार्य टोली र आकस्मिक चिकित्सकिय टोली गठन गरी त्यस टिमलाई माहामारी र विपतका बेला आवश्यक परिचालन गर्नसक्नेछ।

## परिच्छेद ११
## जनस्वास्थ्य संरक्षण, प्रवर्धन तथा वातावरणिय स्वास्थ्य सम्बन्धी व्यवस्था

**३७. जनस्वास्थ्य प्रवर्धन:**

(१) खाद्यान्न, तरकारी तथा फलफूल, दुग्धजन्य पदार्थ, माछामासु जन्य पदार्थ, पानी लगायतका उपभोग्य वस्तुको उत्पादन, भण्डारण तथा बिक्रि वितरणलाई स्वच्छ र गुणस्तरीय बनाउन गाउँपालिका ले न्युनतम गुणस्तर मापदण्ड तोक्न सक्नेछ।

(२) जनस्वास्थ्य मैत्री आवास तथा पुर्वाधार निमार्ण, जनस्वास्थ्य लाई प्रभावित पार्ने विज्ञापन तथा प्रचार प्रसार, सामाजिक सस्कृतिक अन्धविश्वास लाई नियमन गर्न गाउँपालिकाले आवश्यक कानून बनाई लागु गर्न सक्नेछ।

(३) जनस्वास्थ्य प्रवर्धनका लागि गाउँपालिका क्षेत्रमा रहेका रणनितिक स्थानहरुमा सार्वजनिक शौचालय, योग तथा व्यायमशालाहरु, खुल्ला स्थान तथा खेल मैदानहरु, हरित उद्यान लागायतका सेवा तथा संरचनाहरु स्थापना तथा संचालन गर्नुपर्ने छ।

(४) पेशागत स्वास्थ्य सुरक्षालाई व्यवस्थित र मर्यादित बनाउन गाउँपालिकाले आवश्यक मापदण्ड तयार गरि लागु गर्न सक्नेछ।

(५) जनस्वास्थ्य प्रवर्धन सम्बन्धी अन्य व्यवस्थाहरु गाउँकार्यपालिकाले आवश्यक नियम बनाइ कार्यन्वयन गर्नेछ।

**३८. वातावरणिय स्वास्थ्य:**

(१) ध्वनी, बायु, जल, विषादी, दृश्य र अन्य जैविक तथा रासायनिक पदार्थको प्रदुषणले जनस्वास्थ्यमा पार्ने प्रभावलाई न्युनिकरण गर्न गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ।

(२) उच्च ध्वनि प्रदूषणबाट उत्पन्न हुने स्वास्थ्य समस्या न्युनिकरणका लागि राति १० (दश) वजे देखी विहान ५ (पाँच) बजे सम्म गाउँपालिका क्षेत्र भित्र चर्को आवाजमा कुनै पनि उच्च ध्वनिजन्य सामग्रीहरु बजाउन गाउँपालिका ले पूर्णरुपमा रोक लगाउने छ। यदि कसैले यो नियमको अवज्ञा गरेमा प्रचलित कानुन बमोजिम दण्ड सजाय हुनेछ।

(३) गाउँपालिकाको स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक बर्षको पहिलो महिना भित्र कार्यपालिका बैठकबाट अनुमोदन गराई लागु गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(४) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था हुनु पर्नेछ। एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला पूनः प्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा गाउँपालिका ले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ।

(६) स्वास्थ्यजन्य फोहोरमैला संकलन, प्रशोधन, विर्सजन र नियमनको लागि प्रदेश सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम हुनेछ। आफ्नो स्वास्थ्य संस्थाबाट उत्पन्न भएको फोहोरमैला तोकिएको मापदण्ड अनुरुप व्यवस्थापन गर्नु सम्वन्धित संस्थाकै दायित्व हुनेछ।

**३९. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमनः**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि गाउँपालिकाबाट छुट्टै अनुमति लिनु पर्नेछ।

(२) गाउँपालिकाले खाद्य पदार्थ विक्री गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गर्न बन्देज गर्न सक्नेछ।

(३) गाउँपालिका ले सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निषेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा गाउँपालिकाले कारवाही गर्न सक्नेछ।

## परिच्छेद १२
## हाइवे ट्रमा यूनिट, सर्पदशं उपचारइकाई तथा परामर्श केन्द्रसम्बन्धी व्यवस्था

४०. सडक दुर्घटनाका कारण हुने घाइतेहरुको शीघ्र उपचारका लागि गाउँपालिकाले हाइवे ट्रमा यूनिट स्थापना गर्न सक्नेछ।

४१. सर्प तथा अन्य विषालु किरा, जीवजन्तुहरुको टोकाईको उपचारको निम्ति गाउँपालिकाले आवश्यकता अनुसार सर्पदशं तथा रेविज उपचार इकाईको स्थापना गर्नेछ। यस्ता यूनिट वा इकाईहरुको दरबन्दी तथा अन्य मापदण्ड गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ।

४२. मानसिक रोग, सामाजिक विकृती तथा आत्महत्या सम्बन्धी समस्याहरुलाई न्यूनीकरण गर्नकालागि गाउँपालिकाले गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था मार्फत परामर्श तथा आधारभुत मानसिक स्वास्थ्य सेवाहरु प्रदान गर्नुपर्नेछ।

## परिच्छेद १३
## जरिवाना सम्बन्धि व्यवस्था

**४३. जरिवाना गरिने:**

(१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वस्थ्य सेवा व्यवसायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई गाउँपालिका स्वास्थ्य सेवा व्यवस्थापन समितिले पेश गरेको राय सुझाव तथा प्रतिवेदनको आधारमा कार्यपालिकाले विगो असुल गरी विगो बमोजिमको जरिवाना गर्नसक्नेछ।

(२) कुनैपनि स्वास्थ्य सेवा प्रदायक संस्था वा व्यक्तिले यस ऐन विपरित कुनै कार्य गरेमा, गाउँपालिकाले तोकेको मापदण्ड पुरा नगरेमा, गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा कसुरको गाम्भीर्यतालाई विचार गरि कार्यपालिकाले पांच लाख रुपैया सम्म जरिवाना गर्न सक्नेछ।

(३) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाईकसुरको मात्रा हेरी प्रचलित कानूनले तोके बमोजिम सजाय गर्नेछः

प्रमुख प्रशासकीय अधिकृत

नसिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

(क) उपचार, सेवा र सेवा संग सम्बन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदाँ लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा बनियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा।

(४) जरिवाना सम्वन्धि अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ।

(५) उपदफा (१), (२), (३), (४) बमोजिम जरिवाना गर्नु अघि कार्यपालिकाले तोके बमोजिम काम, कर्तव्य र अधिकारभएको छानविन समिति गठन गरि छानविन गर्नेछ।

(६) गाउँपालिका को तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ।

**४४. प्रचलित कानुन बमोजिम सजाय हुनेः**

(१) यस ऐन बमोजिम सजाय हुने कुनै कसुरमा अन्य प्रचलित कानुन बमोजिम पनि सजाय हुन सक्ने अवस्था रहेछभने सोहि कानुन बमोजिम सजाय गर्न यस ऐनले बाधा पुऱ्याउने छैन।

## परिच्छेद १४
## विविध

**४५.सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सबैको कर्तव्य हुनेछ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्डतोकिए बमोजिम हुनेछन्।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभावएवं दुर्व्यवहार दण्डनिय हुनेछ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुनेछ। व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**४६. निजी मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिसः**

(१) संघीय, प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्रस्थापनाका लागि सम्वन्धित वडा तथा गाउँपालिका बाट सिफारिस लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र बजेट प्रस्ताव गरिएको हुनु पर्नेछ।

(३) सिफारिसका लागि गाउँपालिक को आर्थिक ऐनले तोके बमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ।

**४७. अभिलेखिकरण तथा प्रतिवेदनः**

(१) गाउँपालिका क्षेत्रभित्रका संचालनमा रहेका सम्पुर्ण स्वास्थ्य संस्थावाट सेवा लिएका हरेक सेवाग्राहिको तोकिए बमोजिमको अभिलेख सुरक्षित रुपमा राख्ने र तोकिएको निकायमा प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमान
गाउँपालिका अध्यक्ष

Scanned with CamScanner

(२) गाउँपालिका तथा सम्बन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ।

**४८. साझेदारी सम्वन्धमा** ; गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, गैरसरकारी संस्था, सामाजिक संघ/संस्था, दृष्ट र व्यक्तिहरुसँग विभिन्न स्वास्थ्य सम्बन्धि कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुवाट आर्थिक, औषधि, उपकरण, विशेषज्ञ सीपहरुको सहायता समेत प्राप्त गर्न सक्नेछ।

**४९. नियम बनाउने अधिकारः**

(१) यो ऐन कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधिहरु बनाउन सक्नेछ।

**५०. संक्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ।

**५१. बाधा अडकाउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वियन गर्न कुनै बाधा अड्काउ परेमा गाउँसभाले त्यस्तो बाधा अड्काउ फुकाउनसक्नेछ।

**५२. बचाउ र लागू नहुनेः**

(१) यो ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएजति कार्यन्वयन सोही बमोजिम हुनेछ र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ। यस ऐनमा भएका व्यवस्थालाई संघीय तथा प्रदेश कानूनसँग नबाझिने गरी समयानुकुल परिमार्जन र संशोधन गर्न सकिनेछ।

**५३. यसै अनुसार हुनेः**

(१) यसअघि कानुन बमोजिम भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयंमसेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन।

प्रमुख प्रशासकीय अधिकृत

तलिउद्दीन मुसलमा
गाउँपालिका अध्य

Scanned with CamScanner